नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाड
नेपाल

पत्र संख्या:
चलानी नम्बर:

प्रेस विज्ञप्ति

महङ्गी नियन्त्रण सम्बन्धी अध्ययन समिति गठन गरिएको

पछिल्लो समय नागरिकको दैनिक जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने खाद्यवस्तुलगायतका अत्यावश्यक दैनिक उपभो वस्तुहरूको मूल्यमा भएको वृद्धिप्रति उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। नेप राष्ट्र बैंकद्वारा प्रकाशित आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिना (२०८३ असोज मसान्तसम्म) को वार्षि बिन्दुगत उपभोक्ता मुद्रास्फीति सूचकाङ्कले समेत दैनिक उपभोग्य वस्तुहरूको मूल्यवृद्धि भएको देखाएको छ।

दैनिक उपभोग्य वस्तुहरूको मूल्यवृद्धिका कारण उपभोक्ताको क्रयशक्ति तथा जीवनयापनमा पर्न गएको असरल न्यूनीकरण गर्न, बजारमा अत्यावश्यक वस्तुहरूको सहज तथा नियमित आपूर्ति सुनिश्चित गर्न र मूल्यवृद्धि नियन्त्रण लागि प्रभावकारी उपायहरू पहिचान गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०८३/०८/११ गते मन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयका सहसचिव श्री नमराज घिमिरेको संयोजकत्वमा कृषि, वन तथा पर्यावरण मन्त्राल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, नेपाल राष्ट्र बैंक, राष्ट्रिय तथ्याङ्क कार्यालय तथा नेपाल आय निगमका प्रतिनिधिहरू रहने गरी एक अध्ययन समिति गठन गरिएको छ। समितिले सम्बन्धित सरकारी निका निजी क्षेत्र, उत्पादक, आयातकर्ता, व्यवसायी, उपभोक्ता हित संरक्षणमा क्रियाशील सङ्गसंस्था तथा अ सरोकारवालाहरूसँग आवश्यक छलफल एवं परामर्श गरी तथ्य र प्रमाणमा आधारित अध्ययन प्रतिवेदन उद्यो वाणिज्य तथा आपूर्ति मन्त्रालयसमक्ष पेस गर्नेछ।

उपभोक्तालाई उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउन, बजारमा स्वच्छ प्रतिस्पर्धा कायम ग आपूर्ति व्यवस्थालाई नियमित, सहज एवं प्रभावकारी बनाउन तथा उपभोक्ताको हकहित संरक्षण गर्न मन्त्रालय प्रतिब रहेको छ। अध्ययन समितिको कार्यसम्पादनमा आवश्यक तथ्याङ्क, सूचना, राय तथा सुझाव उपलब्ध गराई सहयो गर्न सम्बन्धित सबै निकाय, सङ्गसंस्था, व्यवसायी तथा सरोकारवालाहरूमा मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

(बितेन्द्र बस्ने
सहसचिव/ प्रव

मितिः २०८३।०८।११,
नेपाल सम्वत् ११४७, कछलाख्व।

Email: spokespersonmoics@gmail.com Mobile Number: 985135358